# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, वैशाख ३१ गते, २०८१ साल (सङ्ख्या ०४

## भाग ३

बागमती प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपालको

## सूचना

**नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन)**

**कार्यविधि, २०८१**

**प्रस्तावनाः** नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सरकारले प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा २ मा संशोधनः** नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (घ) को परिभाषा खण्डमा रहेको "कार्यक्रम तथा अनुगमन समिति" भन्ने शब्दहरूको सट्टा "अनुगमन तथा सहजीकरण समिति" भन्ने शब्दहरू राखिएको छ।

३. **मूल कार्यविधिको दफा ७ मा संशोधनः** मूल कार्यविधिको दफा ७ को उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (ग१.) थप गरिएको छः-

"(ग१.) प्रदेश सचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य"

४. **<u>मूल कार्यविधिको दफा ८ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ८ को उपदफा (१) को,-

(१) "स्थानीय तहले" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको छनौट" भन्ने शब्दहरु राखिएको छ।

(२) "निर्देशक समितिले" भन्ने शब्दहरु पछि "छनौट" भन्ने शब्द झिकिएको छ।

(३) उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर अनुगमन तथा सहजीकरण समितिले स्थानीय तहको छनौटका लागि सिफारिस गर्दा मानव विकास सूचाङ्कमा पछि परेका स्थानीय तहहरूको क्रमअनुसार प्रत्येक जिल्लाबाट कम्तिमा एक स्थानीय तह हुनेगरी निर्देशक समितिमा सिफारिस गर्नुपर्नेछ।"

(४) उपदफा (२) को "कार्यपालिकाको निर्णयहरूबाट" भन्ने शब्दहरूको पछि "एउटा वडा छनौट" भन्ने शब्दहरू थप गरिएको छ।

५. **<u>मूल कार्यविधिको दफा ९ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ९ को,-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) स्थानीय तहले कार्यविधिको दफा ८ बमोजिम छनौट भएको वडामा दफा ९ को उपदफा (२) र (३) बमोजिम लागत अनुमानसहितको कार्यक्रम छनौट गरी

कार्यपालिकाको निर्णय सहित निर्देशक समितिमा सिफारिस गरी पठाउनुपर्नेछ।"

(२) उपदफा ४ पछि देहायको उपदफा (४क.) थप गरिएको छः-

"(४क.) निर्देशक समितिले उपदफा (४) बमोजिम स्थानीय तहबाट सिफारिस भई आएका कार्यक्रमहरू मध्ये भौतिक पूर्वाधार विकास तथा सामाजिक विकासका क्षेत्रमा सन्तुलन कायम गरी प्रदेश मन्त्रिपरिषद्बाट कार्यक्रमको अन्तिम स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्नुपर्नेछ।"

६. **मूल कार्यविधिको दफा ११ मा संशोधनः** मूल कार्यविधिको दफा ११ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित स्थानीय तहले प्रचलित कानूनबमोजिम गर्नुपर्नेछ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन यस कार्यविधिको दफा ७ बमोजिमको अनुगमन तथा सहजीकरण समितिले समेत गर्न सक्नेछ।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क.) थप गरिएको छः-

"(२क.) उपदफा (२) बमोजिम अनुगमन तथा सहजीकरण समितिले अनुगमन गर्दा सम्बन्धित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यलाई सहभागी गराउनुपर्नेछ।"

(४) उपदफा (३) मा रहेको "गरिनेछ" भन्ने शब्दको सट्टा "गर्नुपर्नेछ" भन्ने शब्द राखिएको छ।

(५) उपदफा (४) मा रहेको "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरुको राखिएको छ।

(६) उपदफा (५) मा रहेको "अनुमोदनको निम्ति" भन्ने शब्दहरु झिकिएको छ।

७. **मूल कार्यविधिको अनुसूची-१मा संशोधनः** मूल कार्यविधिको अनुसूची-१ को,-

"(१) समूह-१ को क्रम संख्या २ को कार्यक्रम महलको "वडा निरोग अभियान" अन्तर्गत गरिने क्रियाकलाप महलमा रहेको "किशोरी" भन्ने शब्द पछि "तथा प्रजनन" भन्ने शब्दहरू थप गरिएको छ।

(२) समूह-१ को क्रम संख्या २ को कार्यक्रम महलको "स्वस्थता प्रवर्द्धन जनचेतना कार्यक्रम" अन्तर्गत गरिने क्रियाकलाप महलमा रहेको "जनचेतना" भन्ने शब्द पछि "मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श" भन्ने शब्दहरू थप गरिएको छ।"

८. **<u>रुपान्तरः</u>** मूल कार्यविधिको ठाउँ ठाउँमा रहेको "कार्यक्रम तथा अनुगमन समिति" भन्ने शब्दहरुको सट्टा "अनुगमन तथा सहजीकरण समिति" भन्ने शब्दहरु राखिएको छ।

**आज्ञाले,**
**हुमकला पाण्डे**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-